Related with NTA's decision No.2398.2069.01.12

# व्यवस्थापकीय सारः

१. नेपाल दूरसञ्चार प्राधिकरणको काम कारबाही सम्बन्धी व्यवस्थापिका-संसद सार्वजनिक लेखा समितिद्वारा गठित उप-समितिको अध्ययन प्रतिवेदन २०६८ ले "**दूरसञ्चार सेवा प्रदायकहरु वीच आपसी सहमतिमा एक आपसमा गाभिएर उपभोक्तालाई दिइरहेको सेवा सुविधामा सहुलियत उपलब्ध गराउने कुरामा असर नपर्ने एवं राज्यलाई तिर्नुपर्ने तिरोभरो बक्यौता दस्तुरमा नघट्ने र छुट नहुने गरी सेवा विस्तार गर्ने अनुकुलताको लागि माग गरेमा कानूनी आधार तयार गरी मन्त्रालय एवं सम्बन्धित निकायले सकारात्मक रुपमा लिने।**" भनी निर्देश गरेको छ ।

२. यसै बिषयमा नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक एकआपसमा गाभ्ने/गाभिने तथा व्यावसाय प्राप्ति तथा बिक्रि गर्ने (Merger and Acquisition) सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्य टोली गठन गरेको थियो ।

३. कार्य टोलीले अध्ययन प्रतिवेदन सहित दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभ्ने वा गाभिने कार्यबिधि सम्बन्धी नियमावली, २०६८ को मसौदा गरी पेश गरेकोमा प्राधिकरणको बैठकबाट प्रस्तुत बिषयमा बिज्ञ र सरोकारवालाहरुको राय सूझावका लागि प्राधिकरणको वेवसाईट www.nta.gov.np मा तिस (३०) दिनको समय दिई राखेर आवश्यक परीमार्जन गरी नेपाल सरकार समक्ष पठाउने निर्णय गरेको छ ।

४. तसर्थ प्रस्तुत बिषयमा आफ्नो अमूल्य राय सुझाव मिति २०६९ जेठ १५ भित्र देहायको ठेगानामा पठाई सहयोग गर्नुहुन सादर अनुरोध गर्दछु साथै प्रस्तुत बिषयमा कुनै जिज्ञासा भएमा वा जानकारी चाहिएमा ntra@nta.gov.np वा कैलाशप्रसाद न्यौपाने, उप निर्देशक, (कानुन शाखा) (email:kpneupane@nta.gov.np, Telephone No: 977-1-4101030) मा संपर्क राख्नुहुन अनुरोध गर्दछु ।

अध्यक्ष
भेषराज कंणेल

ठेगाना:
नेपाल दूरसञ्चार प्राधिकरण
ब्युस्टार अफिस कम्प्लेक्स
त्रिपुरेश्वर काठमाण्डौ
फोन:४१०१०३०, ४१०१०३१
email: ntra@nta.gov.np
kpneupane@nta.gov.np

**दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभ्ने वा गाभिने कार्यविधि सम्बन्धी नियमावली, २०६८ को मसौदामा आफ्नो अमूल्य राय, सुझाव, प्रतिक्रिया व्यक्त गर्न हुन सम्बन्धित विज्ञ, सरोकारवालाहरु समक्ष सादर अनुरोध छ**

(१) तल रहेको मसौदा नियमावलीको प्रत्येक नियम (बुँदा) मा (नमुना तालीकाको ढांचामा) आफ्नो धारणा व्यक्त गरिदिनु हुन अनुरोध छ ।

(२) यहाँको विचारमा दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभिन पाउने व्यवस्था गर्न दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०५४ मा संशोधन गर्नु पर्ने विषयहरु के-के हुन सक्दछन ?

(३) यहाँको विचारमा दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभिन नपाउने सम्बन्धमा राखिएका शर्त (मसौदा नियमावलीको नियम १६) उपयुक्त छन वा छैनन् र छैनन् भने कुनै शर्त थप गर्नु पर्ने भएमा त्यस्तो शर्त के-के हुन सक्छन् ?

(४) दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभिदा सर्ने दायित्व वा त्यस्को परिणाम सम्बन्धी व्यवस्थामा यहाँको कुनै थप सुझाव भएमा त्यस्तो सुझावहरु के के हुन सक्दछन् ? (मसौदा नियमावलीको नियम १०) ।

(५) सेवा प्रदायकलाई अलग अलग रहदा प्राप्त भएको सुविधाको प्रयोग र पालना गर्नु पर्ने शर्तहरु (मसौदाको नियम ११, १२) उपयुक्त छ वा छैनन्, छैनन् भने के के थपघट गर्नु पर्ला ?

(६) दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभिने प्रक्रियामा प्रारम्भिक प्रतिवेदन लिने व्यवस्था, सैद्धान्तिक सहमति, सम्पत्ति तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था, एक आपसमा गाभिदा प्रदान गरिने छुट, गाभ्ने वा गाभिने निर्देशन सम्बन्धी व्यवस्थामा कुनै थप राय, प्रतिक्रिया भएमा के के हुन सक्तछन् ?

(७) यहाँको विचारमा प्रस्तुत मसौदा नियमावलीले समेट्नु पर्ने विषय कुनै छुट भएको वा मसौदामा रहेको कुनै विषय परिवर्तन गर्नुपर्ने भएमा त्यस्तो विषय र अन्य कुनै विषय समावेश गर्नु पर्ने भएमा सो समेत उल्लेख गरी (मिति २०६९ जेठ १५ भित्र) राय, प्रतिक्रिया वा सुझावको लागि हार्दिक आव्हान गर्दछौ ।

नोटः कृपया कुनै प्रतिक्रिया भएमा तलको ठेगानामा सम्पर्क गर्नु हुन वा पठाउनु हुन अनुरोध छ ।

कानून शाखा,
नेपाल दूरसञ्चार प्राधिकरण
ब्युस्टार अफिस कम्प्लेक्स
त्रिपुरेश्वर काठमाण्डौ
फोनः४१० १०३०, ४१० १०३१
email: ntra@nta.gov.np
kpneupane@nta.gov.np

# राय, प्रतिक्रिया वा सुझाव पठाउने नमुना ढांचा

परामर्श दिने व्यक्ति वा संस्थाको नामः

सम्पर्क माध्यम (फोन, ईमेल, आदि):

| सि.नं. | प्रस्तावित नियमावलीमा भएको व्यवस्था | राय, प्रतिक्रिया वा संशोधन सुझाव | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अन्य राय, प्रतिक्रिया वा सुझाव भएमा बुंदागत रुपमा उल्लेख गर्न सकिनेछ ।

# दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभ्ने वा गाभिने कार्यबिधि सम्बन्धी नियमावली, २०६८ को मसौदा

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "दूरसञ्चार सेवा प्रदायक एक आपसमा गाभ्ने वा गाभिने कार्यविधि सम्बन्धी नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा, -

(क) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त गरेको संस्था सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले गाभ्ने वा गाभिने प्रयोजनका लागि यस नियमावली बमोजिम प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गर्दाका बखत अनुमतिपत्र प्राप्त संस्थामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(घ) "गाभिने कार्य" भन्नाले दुई वा दुई भन्दा बढी अनुमतिपत्र प्राप्त संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी अनुमतिपत्र प्राप्त संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ङ) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व अन्त्य हुने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(च) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरि लिन मन्जुर गरेको अनुमतिपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(छ) "सेवा प्रदायक" भन्नाले अनुमतिपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२
## अनुमतिपत्र प्राप्त संस्था गाभिने प्रारम्भिक निवेदन सम्बन्धी व्यवस्था

३. **सेवा प्रदायक गाभिन सक्ने** : सेवा प्रदायकले चाहेमा आपसमा संझौता गरी यस नियमावलीको कार्यविधि पूरा गरी एक आपसमा गाभिन सक्नेछन् ।

४. **प्रारम्भिक निवेदन दिने** : (१) नियम ३ बमोजिम गाभिन चाहने दुई वा दुई भन्दा बढी अनुमतिपत्र प्राप्त संस्थाले यस नियमावलीको प्रक्रिया पूरा गरी एक आपसमा गाभिन चाहेमा गाभिने कार्यको समय सीमा र कार्ययोजना (एक्सन प्लान) सहित विद्यमान पूँजी संरचना अनुसार आ-आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पारित भएपछि गाभिने संस्था वा गाभ्ने संस्थाका संचालक समितिको निर्णय सहित सैद्धान्तिक स्वीकृतिका लागि प्राधिकरण समक्ष अनुसूची बमोजिमको ढाँचामा संयुक्त निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राधिकरण समक्ष निवेदन दिदा त्यस्तो निवेदन दिने अनुमतिपत्र प्राप्त संस्थाले कम्पनी ऐन, २०६३ को दफा १७७ को उपदफा (३) बमोजिमको कुराको विवरण खुलाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको निवेदन प्राधिकरणले प्राप्त गरेपछि निवेदकहरुलाई पन्ध्र दिन भित्र प्रारम्भिक छलफलको लागि बोलाउनेछ ।

(५) उपनियम (४) बमोजिम छलफल गर्दा निवेदन दिने अनुमतिपत्र संस्थाका संचालक समितिले एक आपसमा गाभिने कुरा र त्यसको कारण स्पष्ट खुलाई मञ्जुरी गरेमा प्राधिकरणले सो सम्बन्धी कारबाई अगाडि बढाउनु पर्नेछ ।

५. **सैद्धान्तिक सहमति** : (१) गाभिने कार्यको प्रयोजनका लागि अनुमतिपत्र प्राप्त संस्थाले नियम ४ को उपनियम (२) बमोजिम निवेदन दिएमा यस नियम बमोजिमको प्रक्रिया पूरा गर्ने शर्त तथा अनुमतिपत्र प्राप्त संस्थाहरु एक आपसमा गाभ्दा वा गाभिदा मुलुकको दूरसञ्चारको विकास, स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको प्रतिकूल असर पर्ने छैन भन्ने कुरामा प्राधिकरण विश्वस्त भएमा गाभिने कार्यको आवश्यक प्रक्रिया अगाडि बढाउन प्राधिकरणले सैद्धान्तिक सहमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सहमति दिँदा आवश्यक शर्त तोक्न वा निर्देशन दिन समेत सक्नेछ ।

(३) प्राधिकरणले नियम ४ को उपनियम (५) बमोजिम छलफल भएको तीस दिनभित्र सैद्धान्तिक सहमति दिने वा नदिने निर्णय गरी जानकारी गराउनेछ ।

## परिच्छेद - ३
## गाभिने सम्झौता तथा स्वीकृति सम्बन्धी व्यवस्था

६. **सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) प्राधिकरणबाट नियम ५ बमोजिम सैद्धान्तिक सहमति प्राप्त भएपछि गाभ्न वा गाभिने संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गर्न आ-आफ्नो साधारण सभाबाट निर्णय गरी नियुक्त गरिएको वा साधारण सभाले अख्तियारी दिएबमोजिम संचालक समितिले नियुक्त गरेको मूल्याङ्कनकर्ताबाट त्यस्तो संस्थाको सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो अवधिको समग्र मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त मूल्याङ्कनकर्ताले अनुमतिपत्र प्राप्त संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको समग्र मूल्याङ्कन गर्दा सो सम्बन्धी स्थापित मान्यता, आधार,

मापदण्ड वा प्राधिकरणले तोकेको कुनै शर्त वा निर्देशन भए सो बमोजिम सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त मूल्यांकनकर्ताले अनुमतिपत्र प्राप्त संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र गाभिने कार्यबाट त्यस्ता विषयमा पर्ने वा पर्न सक्ने संभावित प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनु पर्नेछ :-

(क) गाभिएपछि व्यवसाय वा कारोबार संचालन गर्न आवश्यक पूँजीको पर्याप्तता,

(ख) पूर्वाधार संरचनाको स्थिति,

(ग) प्राप्त फ्रिक्वेन्सीको परिमाण,

(घ) अनुमतिपत्रको अवधि र त्यसका शर्त,

(ङ) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(च) गाभिएपछिको अवस्थामा हुने ग्राहक संख्या,

(छ) बार्षिक कूल आय,

(ज) रेडियो फ्रिक्वेन्सी दस्तूरको भुक्तानी स्थिति,

(झ) सेवा सञ्चालन गर्ने क्षेत्र,

(ञ) गाभ्ने र गाभिने संस्थाको शेयर आदान प्रदान संख्याको अनुपात,

(ट) दायित्व तथा जोखिम,

(ठ) बजार मूल्य,

(ड) रोयल्टी लगायतका अन्य कर दस्तुर भुक्तानी विधि,

(ढ) अनुमतिपत्र प्राप्त संस्था एक आपसमा गाभिदा त्यसबाट दूरसञ्चार क्षेत्रमा कायम हुने सेवाको बजार अंश,

(ण) अनुमतिपत्र प्राप्त संस्था एक आपसमा गाभिदा प्रचलित कानून बमोजिम प्रभुत्वशाली हैसियत कायम हुने वा नहुने सो कुरा ।

**७. सम्झौता गर्नुपर्ने** : गाभ्ने वा गाभिने प्रक्रिया अगाडि बढाउन प्राधिकरणबाट सैद्धान्तिक सहमति प्राप्त गरेका अनुमतिपत्रप्राप्त संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछ :-

(क) गाभ्ने वा गाभिने अनुमतिपत्र प्राप्त संस्थाको नाम, ठेगाना, अनुमतिपत्र प्राप्त सेवा र कार्यक्षेत्र, गाभिएपछि रहने नाम, ठेगाना र अनुमतिपत्रको कार्यक्षेत्र,

(ख) अनुमतिपत्र प्राप्त संस्था गाभ्नु वा गाभिनुको आवश्यकता र औचित्य,

(ग) अनुमतिपत्र प्राप्त संस्था गाभिदा दूरसञ्चार सेवाको विस्तार र बजारमा पार्ने असर,

(घ) ग्राहकको हक हित संरक्षण गर्ने व्यवस्था,

(ङ) अनुमतिपत्र प्राप्त संस्थाको वित्तीय अवस्था, लगानी र कारोबारको व्यवस्थापन,

(च) अनुमतिपत्र प्राप्त संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति,

(छ) संयुक्त लगानीका वैदेशिक लगानीकर्ता रहेको अनुमतिपत्र प्राप्त संस्था भए सम्बन्धित लगानीकर्ता संस्थाको सहमति पत्र,

(ज) अनुमतिपत्र प्राप्त संस्था गाभ्न वा गाभिन लाग्ने अनुमानित समयावधि,

(झ) अनुमतिपत्र प्राप्त संस्थाको प्रबन्धपत्र, नियमावली, अनुमतिपत्र तथा नयाँ संस्थाका रुपमा परिणत हुने वा गाभ्ने वा गाभिने संस्थाको नाम,

(ञ) अनुमतिपत्र प्राप्त संस्था गाभिएपछि हुने संचालक समितिको संरचना,
(ट) गाभिएपछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचना,
(ठ) गाभिएपछिको संस्थामा रहने कर्मचारीको विवरण,
(ड) गाभिएपछि जनशक्ति व्यवस्थापन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,
(ढ) गाभ्ने वा गाभिने संस्थाको शेयर आदान प्रदान अनुपात,
(ण) प्रचलित कम्पनी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,
(त) अनुमतिपत्र प्राप्त संस्था गाभिएपछि कायम रहने अनुमतिपत्रको अवधि,
(थ) गाभिएपछि संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता,
(द) प्रचलित कानून पालनाका लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,
(ध) संस्थागत पुनर्संरचना र एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा सञ्चालन व्यवस्था,
(न) गाभिएपछि कारोवार गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,
(प) गाभ्ने वा गाभिने अनुमतिपत्र प्राप्त संस्थाको अनुमानित लागत रकम,
(फ) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,
(ब) नवीकरण दस्तुर, रोयल्टी, रेडियो फ्रिक्वेन्सी दस्तुर, ग्रामीण दूरसञ्चार कोष दस्तुर लगायत अन्य दस्तुर तिर्ने बुझाउने आधार र कार्ययोजना,
(भ) अनुमतिपत्र प्राप्त संस्था गाभिएपछि विस्तार हुने सेवा र क्षेत्र,
(म) नेपाल सरकार वा प्राधिकरणले अनुमतिपत्र प्राप्त संस्थाहरु एक आपसमा गाभिन तोकेका अन्य आवश्यक विषयहरु ।

८. **स्वीकृति दिन सकिने** : (१) गाभ्न वा गाभिनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएका अनुमतिपत्र प्राप्त संस्थाले नियम ६ बमोजिमको प्रतिवेदन र नियम ७ बमोजिमको संझौता सहित स्वीकृतिको निमित्त प्राधिकरण समक्ष संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) गाभ्ने वा गाभिने अनुमतिपत्र प्राप्त संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,
(ख) अनुमतिपत्र प्राप्त संस्था गाभ्ने वा गाभिने सम्बन्धमा कुनै समझदारीपत्र भएको भए त्यस्तो समझदारीपत्र र गाभ्ने वा गाभिने समिति गठनको निर्णय,
(ग) गाभ्ने वा गाभिने अनुमतिपत्र प्राप्त संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,
(घ) अनुमतिपत्र प्राप्त संस्था गाभ्ने वा गाभिने संस्थाको नाम, ठेगाना र सो संस्थाको शेयर अनुपात निर्धारण सम्बन्धी निर्णयको प्रतिलिपि,
(ङ) गाभ्ने वा गाभिने सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना तथा गाभिएपछि कारोवार गर्ने मिति समेत खोलेको कार्यतालिका, र
(च) प्राधिकरणले तोकेका अन्य कागजात तथा विवरण ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर प्राधिकरणले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक अनुमतिपत्र प्राप्त संस्थालाई लिखित सूचना दिई थप विवरण वा कागजात पेश गर्न आदेश दिन सक्नेछ

(३) उपनियम (२) बमोजिम आदेश दिएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले प्राधिकरणमा उपस्थित भई आदेश बमोजिम थप विवरण वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको परेको निवेदन उपर प्राधिकरणले निवेदन, सो संग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र अनुमतिपत्र प्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिन स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई दिनेछ ।

(५) उपनियम (४) बमोजिम निर्णय गर्दा प्राधिकरणले अनुमतिपत्रप्राप्त संस्थासंग गाभ्ने वा गाभिने सम्बन्धमा परेको निवेदन, सो उपर भएको छलफल, सम्पत्ति मूल्याङ्कन प्रतिवेदन, तोकिएका आवश्यक शर्तहरु पालनाको स्थिति, आपसी सम्झौता विवरण तथा सोबाट पर्ने प्रभावको विस्तृत अध्ययन गर्दा नेपालको दूरसञ्चार क्षेत्रको वजारमा प्रतिकुल असर नपर्ने देखिएमा निवेदन गर्ने अनुमतिपत्र प्राप्त संस्थालाई गाभ्न वा गाभिनको लागि अन्तिम स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम स्वीकृति दिनु अघि प्राधिकरणले आवश्यक ठानेमा पेश भएको प्रस्ताव उपर सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाका संचालक वा प्रमुख कार्यकारी अधिकृत झिकाई निजसंग परामर्श गरी आवश्यक परिवर्तन, हेरफेर, पुनर्विचार गर्न गराउन लगाई वा कुनै शर्त तोकी सोका आधारमा गाभ्ने वा गाभिने निर्णय गर्न सक्नेछ ।

९. **सार्वजनिक गराउनु पर्ने** : (१) कुनै अनुमतिपत्र प्राप्त संस्था एक आपसमा गाभिएमा प्राधिकरणले त्यस्तो व्यहोरा उल्लेख गरी सो कार्य सम्पन्न भएपछि गाभिएको अनुमतिप्राप्त संस्थाले कारोवार थालनी गर्ने मिति सर्वसाधारणको जानकारीका लागि निर्णय भएको तीस दिनभित्र राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना सम्बन्धित संस्थाले समेत सो सम्बन्धमा स्वीकृति प्राप्त गरेको मितिले सात दिनभित्र सर्वसाधारणको जानकारीका लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

१०. **अनुमतिपत्र प्राप्त संस्था गाभिने स्वीकृति भएकोमा त्यसको परिणाम** : (१) कुनै अनुमतिपत्र प्राप्त संस्थाले गाभ्ने वा गाभिने अन्तिम स्वीकृति प्राप्त गरेमा देहायका कुरामा देहाय बमोजिम हुनेछः

(क) गाभिने अनुमतिपत्र प्राप्त संस्थाको पूँजी तथा शेयर स्वामित्वको संरचनामा हुने परिवर्तनलाई गाभिएको संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा समेत सोही अनुरुप संशोधन गरी प्राधिकरण तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(ख) प्राधिकरणले कुनै अनुमतिपत्र प्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिन ऐन तथा यस नियमावली बमोजिम स्वीकृति दिएकोमा गाभिने अनुमतिपत्र प्राप्त संस्थाको सम्पूर्ण जायजेथा तथा दायित्व गाभ्ने संस्थामा सर्नेछ ।

(ग) उपखण्ड (ख) बमोजिम सम्पत्ति हस्तान्तरण भएकोमा गाभिने अनुमतिपत्र प्राप्त संस्थाको नाममा रहेको सम्झौता बमोजिमको कुनै पनि जग्गा जमिन वा जग्गा जमीनमा रहेको हक वा त्यस्तो संस्थाको अन्य कुनै संस्थामा रहेको लगानी, हक वा शेयर भए सो समेत गाभ्ने

अनुमतिपत्र प्राप्त संस्थामा स्वामित्वमा सार्न सो सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो कामकारवाही गर्ने निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(घ) गाभिने अनुमतिपत्र प्राप्त संस्थाको नाममा कुनै सम्पत्ति वा व्यवसाय मुलुक बाहिर रहेको भएमा त्यस्तो सम्पत्ति वा व्यवसाय रहेको मुलुक र नेपाल राज्य बीच त्यस्तो आदेश वा निर्णय कार्यान्वयन सम्बन्धी कुनै सम्झौता भएको भए सो बमोजिमको त्यस्तो आदेश वा निर्णय स्वतः कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(ङ) कुनै अनुमतिपत्र प्राप्त संस्थाले अर्को कुनै अनुमतिपत्र प्राप्त संस्थासंग गाभ्न वा गाभिन गरेको सम्झौता वा सो बमोजिमको कुनै व्यवस्था प्रभावित भएमा वा प्रभावित हुने लागेमा सम्बन्धित संस्थाले आफ्नो जानकारीमा आएका सम्पूर्ण विवरण समावेश गरी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(च) प्राधिकरणले संस्था गाभ्ने वा गाभिने प्रक्रियाको नियमित अनुगमन गर्नेछ ।

(छ) खण्ड (च) बमोजिम अनुगमन, त्यसको प्रक्रिया, सम्झौता वा प्राधिकरणबाट दिईएको निर्देशन वा प्रचलित कानूनको पालना गर्न वा गराउन र अन्य कुनै थप काम कुराको आवश्यकता भए सो कार्य गर्न समेत आवश्यक निर्देशन दिनेछ ।

## परिच्छेद - ४
## फ्रिक्वेन्सीको प्रयोग र अनुमतिपत्रको अवधि

**११. फ्रिक्वेन्सीको सीमा र प्रयोग:** (१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा हुने फ्रिक्वेन्सीको अधिकतम ब्याण्डविड्थ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले बनाएको तत्सम्बन्धी रेडियो फ्रिक्वेन्सी बाँडफाँड नीतिको अधिनमा रही सो नीतिले तोकेको सीमा भन्दा बढि हुनेछैन् ।

(२) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिनु पूर्व प्राप्त गरेको फ्रिक्वेन्सी उपनियम (१) को सीमा भन्दा बढि भएमा त्यस्तो बढि हुने फ्रिक्वेन्सी यस नियमावली बमोजिम गाभीने कार्य समाप्त भै कार्य थालनी गरेको मितिले छ महिना भित्र फिर्ता गर्न सकिने छ ।

**१२. अनुमतिपत्रको अवधि :** यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा गाभिने वा गाभ्ने अनुमतिपत्र प्राप्त संस्था मध्ये जुन संस्थाको अनुमतिपत्रको बाँकी अवधि कम रहेको हुन्छ सोही अवधि गाभिएपछि कायम रहेको मानिने छ ।

तर अनुमतिपत्र प्राप्त संस्थाको कारोबारको क्षेत्र भने नियम ७ बमोजिमको संझौतामा उल्लेख भए बमोजिम र सो व्यवस्था उल्लेख नभएकोमा जुन अनुमतिपत्र प्राप्त संस्थाको सेवा संचालन गर्ने क्षेत्र व्यापक छ सोही अनुमतिपत्र प्राप्त संस्थाको कायम रहेको मानिनेछ ।

## परिच्छेद - ५
## अनुमतिपत्र प्राप्त संस्था गाभिदा प्राप्त हुने छूट सम्बन्धी व्यवस्था

**१३. अनुमतिपत्र प्राप्त संस्था गाभिँदा प्रदान गरिने छूट** : (१) अनुमतिपत्रप्राप्त संस्था एक आपसमा गाभिँदा आवश्यकतानुसार देहाय बमोजिमको छूट प्रदान गर्न सकिनेछ :-

(क) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा पूँजी संरचनामा हुन आउने परिवर्तनमा प्रचलित कानून बमोजिम हुने गरी पूँजी संरचना कायम गर्न,

(ख) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिएपछि गाभिने सिलसिलामा गाभिएको अनुमतिपत्र प्राप्त संस्थाको कुनैपनि संस्थापकको शेयर स्वामित्व प्रचलित कानून बमोजिम आधारभूत शेयर निर्धारित प्रतिशत भन्दा बढी हुन गएमा त्यस्तो स्वामित्वलाई निर्धारित सीमाभित्र ल्याउन पाँच वर्षको समयावधि,

(ग) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा गाभ्ने वा गाभिने कार्यबाट सिर्जित संस्थाको स्रोत परिचालन (स्वदेशी प्राथमिक पूँजी) मा कुल विदेशी लगानी अंश असी प्रतिशत भन्दा बढी हुन जाने भएमा गाभिएको एक वर्षभित्र असी प्रतिशतमा ल्याइसक्न,

(घ) अनुमतिपत्र प्राप्त संस्थाहरु गाभिएकै कारणले प्राधिकरणले दिएको निर्देशन पूर्ण रुपले पालना गर्न नसक्ने अवस्था भएमा त्यस्तो व्यवस्थाको पूर्ण पालना गर्न लाग्ने समयावधि प्राधिकरणले निर्धारण गरेको अवधिसम्म,

(ङ) गाभ्ने र गाभिने संस्था गाभिएपछि गाभ्ने र गाभिने कार्यबाट संस्थाको कर्मचारी सुविधा सम्बन्धी व्यवस्थामा कुनै बाधा उत्पन्न भएमा सो वाधा फुकाउ तथा विद्यमान कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने योजनाहरुलाई कार्यान्वयन गर्न,

(च) गाभ्ने र गाभिने अनुमतिपत्र प्राप्त संस्था मध्ये जुन संस्थाले तिर्नुपर्ने अनुमतिपत्र नविकरण दस्तुर बढि हुन्छ सो दस्तुर लिई यसरी गाभ्ने र गाभिने अन्य संस्थाले तिर्नु पर्ने नविकरण दस्तुर,

(छ) खण्ड (क) देखि (च) सम्म उल्लिखित छुटका अतिरिक्त गाभ्ने वा गाभिने अनुमतिपत्र प्राप्त संस्थालाई गाभिएपछि आवश्यकता अनुसार थप अन्य व्यवस्था ।

(२) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिने कार्यलाई प्रोत्साहन दिन त्यस्ता संस्थाहरु आपसमा गाभिएको कारणले कुनै सम्पत्तिमा नोक्सान हुन गएमा सो नोक्सानमा कर छुट, अन्य कर सम्बन्धी छुट तथा नेपाल सरकारबाट हुन सक्ने अन्य छुटका लागि प्राधिकरणले नेपाल सरकार समक्ष आवश्यक सिफारिस गरिदिन सक्नेछ ।

## परिच्छेद - ६
## अनुमतिपत्र नविकरण सम्बन्धी व्यवस्था

**१४. गाभिएका अनुमतिपत्र प्राप्त संस्थाको नविकरण सम्बन्धी व्यवस्था** : दुई वा सो भन्दा वढी अनुमतिपत्रप्राप्त संस्थाहरु एक आपसमा गाभिएमा त्यसरी गाभिएका अनुमतिप्राप्त संस्था मध्ये जुन संस्थाको नविकरण गर्ने अवधी पहिलो हुन्छ सोही मितिमा नै गाभिएको संस्थाको नविकरण गर्नुपर्नेछ ।

**१५. अनुमतिपत्र नविकरण दस्तुर**: दुई वा सो भन्दा वढी अनुमतिपत्रप्राप्त संस्थाहरु एक आपसमा गाभिएमा त्यसरी गाभिएका अनुमतिप्राप्त संस्था मध्ये जुन संस्थाले तिर्नुपर्ने नविकरण दस्तुर बढि हुन्छ सोही दस्तुर नै गाभिएको संस्थाको नविकरण दस्तुर कायम गरी असुल गर्नुपर्नेछ ।

## परिच्छेद - ७
## विविध व्यवस्था

**१६. अनुमतिपत्र प्राप्त संस्था गाभिन नसकिने** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा अनुमतिपत्र प्राप्त संस्थाहरु एक आपसमा गाभिन सक्ने गरी प्राधिकरणले स्वीकृत दिने छैनः

(क) अनुमतिपत्र प्राप्त संस्थाले कारोबार संचालन गरेको अवधि तीन बर्ष पूरा नभएको भएमा,

(ख) गाभ्ने वा गाभिने अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्रको अवधि तीन बर्ष भन्दा कम अवधिको भएमा,

(ग) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा नेपालभित्र टेलिफोन (भ्वाईस) सेवा प्रदायकको संख्या चार भन्दा कम हुने भएमा,

(घ) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा गाभिएको सेवा प्रदायकको नेपालभित्र हुने सम्पूर्ण कारोबार हिस्सा चालीस प्रतिशत भन्दा बढी हुन गई त्यस्तो सेवा प्रदायकको हैसियत प्रभुत्वशाली हुने भएमा,

(ङ) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिदा दूरसञ्चार क्षेत्रमा अस्वस्थ वातावरण सृजना हुने वा एकाधिकार वा नियन्त्रित व्यापारिक अभ्यास कायम हुन सक्ने देखिएमा,

(च) गाभिने वा गाभ्ने अनुमतिपत्र प्राप्त संस्थाले प्राधिकरण वा नेपाल सरकारलाई भुक्तानी गर्नु पर्ने कुनै रकम वा बक्यौता भुक्तानी बाँकी रहेको देखिएमा,

(छ) कुनै अनुमतिप्राप्त संस्थाले आफ्नो कुनै व्यवसाय वा कारोबार मात्र गाभिने गरी आंशिक रुपमा गाभिने निवेदन गरेकोमा ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्था गाभिन स्वीकृति नदिईएकोमा नियम ५ बमोजम दिएको सैद्धान्तिक सहमति स्वतः रद्द हुनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाको निवेदन बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र अनुमतिपत्रप्राप्त संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको वा थप म्याद प्रदान गरेको समयावधिभित्र उपलब्ध नगराएमा गाभ्न वा गाभिनको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन ।

तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

**१७. निर्देशन दिन सकिने** : अनुमतिपत्र प्राप्त संस्था गाभ्ने वा गाभिने कार्यबाट देहायको अवस्था उत्पन्न हुने भएमा नेपाल सरकार वा प्राधिकरणले अनुमतिपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ :-

(क) प्राधिकरणबाट अनुमतिपत्रप्राप्त संस्थाहरु मध्ये एकै समूहका व्यक्ति, फर्म, कम्पनीका एक भन्दा बढी संस्थाहरु सञ्चालनमा रही अस्वस्थ सम्बन्ध कायम रहने भएमा,

(ख) अनुमतिपत्र प्राप्त संस्थाहरुलाई यथास्थितिमा सञ्चालन गर्न दिदा त्यसको दूरसञ्चार क्षेत्रमा प्रतिकूल असर  वा नकरात्मक प्रभाव पर्ने देखिएमा,

(ग) कुनै सेवाको दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा गाभ्दा वा गाभिदा समग्र दूरसञ्चारको क्षेत्र सुदृढ हुने देखिएमा ।

**१८. गाभिने अवधि** : (१) अनुमतिपत्र प्राप्त संस्थाहरु आपसमा गाभिनको लागि नियम ८ बमोजिम प्राधिकरणले स्वीकृति प्रदान गरेकोमा त्यसरी स्वीकृति दिएको मितिबाट छ महिनाभित्र गाभिने काम पूरा गरी सोको प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणबस गाभिने काम सो अवधिभित्र सम्पन्न हुन नसकेमा सोको कारण खुलाई गाभिने र गाभ्ने दुवै अनुमतिपत्र प्राप्त संस्थाको तर्फबाट प्राधिकरण समक्ष निवेदन परेमा कारण मनासीव देखिएमा प्राधिकरणले उपनियम (१) बमोजिमको अवधिमा थप तीन महिनासम्म म्याद थप गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम अवधि भित्र गाभिने काम सम्पन्न हुन नसकेमा नियम ८ बमोजिम प्राधिकरणबाट दिईएको स्वीकृति स्वतः रद्द भएको मानिनेछ ।

**१९. पूँजी संरचना गर्नु पर्ने** : (१)  यस नियमावलीमा अन्त्रयत्र जुन सुकै कुरा लेखिएको भए तापनि कुनै अनुमतिपत्र प्राप्त संस्थाले विद्यमान पूँजी संरचना परिवर्तन गरी एक आपसमा गाभिनका लागि सैद्धान्तिक सहमति पाउँन प्रस्तावित कार्ययोजना सहितको निवेदन दिएको भए त्यस्ता संस्थाहरुले प्रचलित कानून बमोजिम पहिले पूँजी संरचना परिवर्तन सम्बन्धी प्रस्ताव उपरको कारवाही पूरा गरेपछि मात्र गाभ्न वा गाभिनको लागि निवेदन दिनुपर्नेछ ।

**२०. कारबाही गरिने** : कुनै अनुमतिपत्र प्राप्त संस्थाबाट गाभ्ने वा गाभिने कार्यको सिलसिलामा कुनै जालसाज, धोकाधढि वा वद्नियतपूर्ण काम कारवाही भएको पाइएमा वा गरेमा त्यस्तो गलत काम कारवाही गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**२१. विवाद समाधान** : गाभ्ने र गाभिने अनुमतिपत्र प्राप्त संस्था बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद प्राधिकरणले ऐन बमोजिम समाधान गरिदिन सक्नेछ ।

# अनुसूची

श्री नेपाल दूरसञ्चार प्राधिकरण
त्रिपुरेश्वर, काठमाडौं ।

**बिषयः गाभ्न/गाभिन सैद्धान्तिक सहमति पाँउ ।**

महोदय,
प्रचलित कम्पनी ऐन बमोजिम कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई दूरसञ्चार ऐन, २०५३ बमोजिम प्राधिकरणवाट अनुमतिपत्र प्राप्त गरी विगत ... वर्ष देखि दूरसञ्चार सेवा संचालन गर्दै आएको ........... सेवा प्रदायक संस्था (१) र प्रचलित कम्पनी ऐन बमोजिम कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई दूरसञ्चार ऐन, २०५३ बमोजिम प्राधिकरणवाट अनुमतिपत्र प्राप्त गरी विगत ... वर्ष देखि दूरसञ्चार सेवा संचालन गर्दै आएको ........... सेवा प्रदायक संस्था (१) बीच गाभ्न/गाभिन सहमति भएकोले सैद्धान्तिक सहमति पाउन त्यस प्राधिकरणको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| | |
|---|---|
| भवदीय, | भवदीय, |
| ............................................ | ............................................ |
| (संस्थाको तर्फबाट आधिकारिकव्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिकव्यक्ति) |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : |
| मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः |